# ७३ औं अन्तराष्ट्रिय मानवअधिकार दिवस तथा
# १३ औं मानवअधिकार राष्ट्रिय महाभेलाको सन्दर्भमा जारी गरिएको
# घोषणा-पत्र २०२१ (२०७८)

## प्रस्तावना

विश्वव्यापी, अहरणीय, अविभाज्य, पारस्परिक तथा अन्तरसम्बन्धित सबै प्रकारका मानवअधिकारको सम्मान गर्दै,

समानता, अविभेद, सहअस्तित्व, आत्मसम्मान, पारस्परिकता, स्वतन्त्रता, मानवीयता, अहिंसा, न्याय र स्वच्छताजस्ता मानवअधिकारका मूलभूत सिद्धान्तप्रति प्रतिबद्धता जनाउँदै,

नेपालको संविधानले सुनिश्चित गरेका मौलिक हक तथा मानवअधिकार संरक्षण र सम्बर्द्धनसम्बन्धी प्रावधान आत्मसात गर्दै,

नेपालको राष्ट्रियता, राष्ट्रिय एकता, भौगोलिक अखण्डता, स्वतन्त्रता, स्वायत्तता, सु-शासन, सार्वभौमिकता, सहिष्णुता तथा जनताले सम्मानपूर्वक बाँच्न पाउने सार्वभौम अधिकारप्रति सद्भाव राख्दै,

मानवअधिकारको विश्वव्यापी घोषणा-पत्र, १९४८ लगायत नेपाल पक्ष राष्ट्र भएका अन्तराष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनसम्बन्धी महासन्धी, अभिसन्धी, आलेख, सम्झौता, क्षेत्रीय र दुई पक्षीय सन्धी, नेपालले अन्तराष्ट्रियस्तरमा गरेका प्रतिबद्दता र नेपाललाई संयुक्त राष्ट्रसंघबाट प्राप्त सुझाब तथा सर्वोच्च अदालतले मानवअधिकारका सम्बन्धमा गरेका फैसलाहरूलाई मनन गर्दै,

सन् २०३० सम्मका लागि निर्धारित दिगो विकास लक्ष्य (एसडीजी) प्राप्तितर्फको नेपाल सरकारको नीति तथा कार्यक्रम, १५औं योजनामा प्राथमिकीकरण गरिएका विषयवस्तु तथा मानवअधिकारसम्बन्धी ५औं राष्ट्रिय कार्ययोजनामा गरिएका प्रतिबद्धतालाई स्मरण गर्दै,

सामाजिक न्याय, लोकतन्त्र, स्वतन्त्रता, मर्यादा, मानवअधिकार र दीगो विकासका लागि भएका शान्तिपूर्ण आन्दोलनप्रति ऐक्यवद्धता जाहेर गर्दै, बिगतमा भएका सबै संघर्ष एवं जनआन्दोलनमा आफ्नो अमूल्य जीवनको आहूति दिने अमर शहिदहरूको त्याग, तपस्या बलिदान, बेपत्ता नागरिक, पीडित परिवार र घाईतेको समर्पण र योगदानलाई सम्मान, स्मरण र कदर गर्दै,

सार्वजनिक सेवा र सुविधामा समान पहुँच नभएका तथा सामाजिक संरक्षण गर्नुपर्ने युवा, महिला, बालबालिका, किशोरकिशोरी, दलित, आदिवासी, जनजाति, मधेशी, आर्थिकरुपले बिपन्न खसआर्य, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक, जातीय, भाषिक, धार्मिक एवं यौनिक/लैङ्गिक अल्पसङ्ख्यक, भूमि तथा आवासहीन व्यक्ति, भोक, गरिबी, पछौटेपनले ग्रसित साथै

भौगोलिकरूपले समेत पछाडि परेका क्षेत्रका जनताको हक तथा मानवअधिकारको सम्मान, संरक्षण र संवर्धनका लागि नेपाल सरकार र सम्बन्धित निकायको ध्यानाकर्षण गर्दै,

सन् २००९ देखि हरेक वर्ष मानवअधिकार राष्ट्रिय महाभेलाले जारी गरेका घोषणापत्रहरूमा उल्लेख गरिएका समग्र विषय र उठेका सवाललाई गम्भीरतापूर्वक लिई कार्यान्वयनका लागि नेपाल सरकार र सबै सम्बद्ध पक्षको निरन्तर पहल भइरहोस् भन्ने तर्फ पूनःध्यानाकर्षण गराउँदै,

दण्डहीनताको अन्त्य, विधिको शासनको सुनिश्चितता, विपत तथा महामारीको अवस्थामा नागरिकलाई आवश्यक सेवामा सहज पहुँच पुऱ्याउन, जलवायु परिवर्तनका नकारात्मक असरबाट जोखिममा रहेका समुदायको संरक्षण, बालबालिका, किशोरकिशोरी र सीमान्तकृत तथा पाछाडि पारिएका वर्ग र समुदायको मूलप्रवाहीकरण, सुकुम्बासी तथा घरबारबिहीनको व्यवस्थापन, वैदेशिक रोजगारीमा गएका र जान चाहने नेपाली तथा आप्रवासनमा रहेका नेपालीको हक अधिकारको संरक्षण, संस्थागत सुधार तथा अन्तराष्ट्रिय प्रतिबद्धता प्रति सरकारलाई जिम्मेवार बनाउँदै,

७३ औं अन्तराष्ट्रिय मानवअधिकार दिवस (२०२१) को नारा "**EQUALITY: Reducing inequalities, advancing human rights"** तथा १३ औं मानवअधिकार राष्ट्रिय महाभेला (२०७८) ले तय गरेको **"विधिको शासन कायम गरौं । मानवअधिकारको सम्मान गरौं"** भन्ने राष्ट्रिय नाराका साथ राष्ट्रिय मानवअधिकार आयोगसँगको सहकार्यमा शान्तिका लागि साझा अभियान (कोक्याप) को संयोजनमा, फ्रिडम फर अल (फान) को सह-संयोजनमा, नेपालमा मानवअधिकारको संरक्षण र संवर्धनको क्षेत्रमा कार्यरत पाँच सयभन्दा बढी संघ संस्थाहरूको संयुक्त आयोजनामा मिति २०७८ साल मंसिर २२ देखि २८ गते (डिसेम्बर ८ देखि १४, २०२१) सम्म सञ्चालित कार्यशाला, गोष्ठी, अर्न्तक्रिया, बैठक र छलफलले उजागर गरेका सवाल तथा आएका मुख्य-मुख्य सुझाब तथा सिफारीसलाई एकीकृत गरी तीनवटै तहका सरकार र सम्बन्धित सबै निकायलाई मानवअधिकारको सम्मान, संरक्षण र परिपूरणका निरन्तर खबरदारी एवं पहरेदारी गर्ने प्रतिवद्धता जाहेर गर्दै मानवअधिकार राष्ट्रिय महाभेला २०७८ ले यो ३९ बुँदे घोषणा-पत्र जारी गरेका छ ।

१. विश्वव्यापीरूपमा फैलिएको कोभिड-१९ का कारण आएको स्वास्थ्य संकटलाई ध्यानमा राखी महामारीको सङ्क्रमणबाट बच्न प्रभावकारी सचेतना बृद्धि गर्न बालबालिकका तथा किशोरकिशोरी, सङ्क्रमण भएका तथा उनीहरूको परिवारका लागि परामर्श सेवा दिने र संक्रमण भई जटिल समस्यामा भएकाहरूका लागि भेन्टिलेटर तथा अन्य स्वास्थ्य सेवामा सहज पहुँचको व्यवस्था गरियोस् ।

२. उपचार सबैलाई सर्वसूलभ हुने व्यवस्था गरी अति सीमान्तकृत समुदाय, अल्पसंख्यक, गरिबीको रेखामुनी रहेका, भौगोलिक दुरतामा रहेका बिपन्न वर्गलाई निःशुल्क र गुणस्तर स्वास्थ्य सेवा प्रदान गरियोस् । सामाजिक विभेदरहित आइसोलेसन, क्वारेन्टाइन, अस्पताललगायतका संरचना बालमैत्री, किशोरीमैत्री, अपाङ्गतामैत्री र ज्येष्ठ नागरिकमैत्री बनाइयोस् ।

३. कोभिड-१९ लगायतका विपद तथा महामारीको बेलामा देशभर जातीय र लैङ्गिक हिंसा, हत्या जस्ता जघन्य अपराधका घटना बढेको देखिएको छ । यस्ता घटनाको प्रभावकारी अनुसन्धान गरी पीडितको न्यायको अधिकार सुनिश्चित गरियोस । यसैगरी पीडित समुदायका लागि

आवश्यक उचित  नीति, कार्यक्रम र बजेटको व्यवस्था गरियोस् र पीडितलाई निःशुल्क उपचार तथा परिपूरणको व्यवस्था गरियोस् ।

४. कोभिड-१९ विरुद्धको भ्याक्सिनमा सबै बालबालिको समान पहुँचका लागि विशेष प्राथमिकता दिइयोस् ।

५. सुरक्षित मातृत्व तथा प्रसुति सेवा, एवं यौन तथा प्रजनन् स्वास्थ्य सेवा तथा कार्यक्रममा सबै नागरिकको पहुँच सुनिश्चितताका साथै सेवामा सुधार गरियोस् ।

६. सबै प्रकारका खोप कार्यक्रम अभियानका रुपममा सञ्चालन गरी नेपालका सबै बालबालिकाले सबै आवश्यक खोप पाउने कुरा सुनिश्चित गर्नका साथै कोभिड-१९ विरुद्को खोपमा सबै नागरिकको र विषेशगरी सीमान्तकृत र बहिस्करणमा पारिएका समुदायको सहज र सुलभ पहुँच पुऱ्याइयोस् ।

७ बलात्कार, मानव बेचबिखन, यौन शोषणजस्ता अपराधको संवेदनशीलतालाई मध्यनजर गर्दै पीडितलाई समयमा न्याय प्रदान गर्न र नागरिकलाई न्याय प्रणालीमाथिको विश्वास गुम्न नदिन यस्ता मुद्दामा अनिवार्यरुपमा लगातार सुनुवाई गर्नुपर्ने गरी कानुनी सुधार गरियोस् । साथै यौन तथा लैंगिक हिंसाका पीडितका लागि प्रत्येक जिल्लामा अस्पतालमा आधारित एकद्वार संकट व्यवस्थापन केन्द्र स्थापना गर्न तथा यस्ता घटनाका सबै उपचार निःशुल्क उपलब्ध गराइयोस् ।

८. अति सीमान्तकृत महिला, बालिका र लैङ्गिक तथा यौनिक अल्पसंख्यकको प्रजनन् स्वास्थ्य आवश्यकतालाई सर्वसुलभ पहुँच को खाका तयार गर्ने र कार्यान्वयन गर्ने, अधिकार तथा जीवनचक्र पद्धतिलाई आधार मान्दै सीमान्तकृत बालबालिका, किशोरकिशोरी, युवा, जनजाति, मधेसी, दलित, उपेक्षामा परेका जाति, वर्ग, अपाङ्गता भएका व्यक्ति, एकल महिला, ज्येष्ठ नागरिक  र स्वास्थ्य सुविधा सहज उपभोग गर्न नसक्ने व्यक्ति, कसैलाई पनि पछि नपार्न उनीहरूका लागि जीवनभर निरन्तर स्वास्थ्य संरक्षण तथा सहयोग सुनिश्चित गरियोस् साथै आवश्यकताअनुसार विशेष राहत प्याकेज ल्याई जनजीवन सहज बनाउने खालका कार्यक्रम तर्जुमा गरियोस् ।

९. निरक्षरता उन्मूलन गर्न देशव्यापी साक्षरता कार्यक्रम संचालन गरियोस् । प्रारम्भिक बालविकास शिक्षामा बिना भेदभाव सबै बालबालिकाको पहुँच पुऱ्याइयोस् ।

१०. विद्यालयलाई दलगत राजनीतिबाट अलग्गै राखी उच्च माध्यमिक तहसम्म अनिवार्य र निःशुल्क शिक्षाको व्यवस्था गर्दै सार्वजनिक शिक्षामा गुणस्तरीयता, समता र सबै बालबालिकाको पहुँच प्रवर्द्धन गरियोस् । अपाङ्गता भएका तथा सीमान्तकृत समुदाय एवं लैङ्गिक तथा यौनिक अल्पसंख्यकका लागि समेत निरन्तर शिक्षा दिन उपयुक्त वातावरण सिर्जना गरियोस् ।

११. बहुआयामिक गरिबीको रेखामुनी रहेका, बहुबञ्चितिकरण, बहिस्करणमा पारिएका सीमान्तीकृत तथा अल्पसंख्यक तथा लोपोन्मूख, आर्थिक-सामाजिकरुपमा पछाडि पारिएका, अपाङ्गता भएका र औपचारिक शिक्षा हासिल गर्ने अवसरबाट बञ्चित नागरिकका लागि प्राविधिक तथा व्यवसायिक शिक्षा र शीप विकासको अवसर प्रदान गरियोस ।

१२. स्वच्छ तथा गुणस्तरीय खाद्यान्नमा नागरिकको पहुँच अभिबृद्धि गर्न खाद्य अधिकार तथा खाद्य सम्प्रभूता सम्बन्धी ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गरियोस् ।

१३. संघ, प्रदेश तथा स्थानीय तहको समन्वयमा आवासवविहीन नागरिकलाई आवासको सुविधा उपलब्ध गराइयोस् ।

१४. नेपालमा बाधाश्रम प्रणालीअन्तरगत अन्त्य हुन बाँकी एक मात्र शोषणमुलक र मानवअधिकारको मान्यता विपरितको प्रथा हरवाचरवा तथा हलिया अझै प्रचलनमा रहिरहेकोले हरवाचरवा तथा हलियाको नाममा रहेको अनुचित ऋण खारेजीसहित मुक्तिको घोषणा गर्दै हरवाचरवा तथा हलियाको स्पष्ट तथ्याङ्क संकलन, प्रमाणीकरण, वर्गीकरण गरी विवादरहित परिचयपत्र वितरणसहित उनीहरूको न्यायिक पुनर्स्थापना गरियोस् ।

१५. कमैया मुक्तिको २० बर्ष, हलिया मुक्तिको १३ बर्ष र कमलरी मुक्तिको घोषणा भएको ७ वर्ष बितिसक्दा समेत उनीहरुको पुनस्थापनाको आधारभुत काम पुरा नभएको र उनीहरूको लागि छुट्टाइएको बजेट समेत खर्च नगरिएको ले तत्काल कृषि बधुवा मजदुरसम्बन्धी एक एकिकृत कानुन र शक्तिशाली आयोग वा समिति गठन गरी समस्याको दीर्घकालिन समाधान गरियोस् ।

१६. नेपालमा भुमिहिन, अव्यवस्थित बसोबासी र सुकुम्बासी समस्याको मारमा सबैभन्दा बढी दलितहरु परिरहेकाले नेपालको संविधानको धारा ४० को उपधारा ५ र ६ अनुसार उनीहरूको बसोबासका लागि कम्तिमा २ कठ्ठा र कृषिको लागि ८ कठ्ठा भूमि उपलब्ध गराइयोस् ।

१७. नेपालमा जातव्यवस्थाका कारण दलित समुदायमाथि अझैं पनि जातीय छुवाछूत र भेदभाव कायमै छ । उनीहरुमाथि हत्या, हिंसा, बहिस्करण वा गाऊँ निकालाजस्ता घटना भइरहेका छन् । राज्यले जातीय भेदभाव र छुवाछूत (कसुर तथा सजाय) ऐन, २०६८ को कार्यान्वयन गर्न सकिरहेको छैन । ऐनले व्यवस्था गरेका प्रावधानलाई थप कडाई साथ कार्यान्वयन गर्दै उक्त समुदायको मानव मर्यादा र आत्मसम्मानको रक्षाका लागि तथा समग्र विकासका लागि दीगो विकास लक्ष्यसँग तालमेल हुने गरी सन् २०२२-२०३० लाई जातीय समानताको दशक घोषणा गरी दलित समुदमयको आर्थिक, राजनीतिक, सामाजिक र सांस्कृतिक मूलप्रवाहीकरणको रणनीतिक योजना बनाइयोस् ।

१८. सामाजिक सुरक्षा कार्यक्रमलाई जवाफदेही, पारदर्शी, उत्तरदायी बनाउँदै समाजिक सुरक्षासम्बन्धी एकीकृत ढाँचाको उचित कार्यन्वयनको लागि आवश्यक पहल गर्नुका साथै विपद्मैत्री तथा बालकेन्द्रित समाजिक सुरक्षा कार्यक्रमको प्रबर्द्धन गरियोस् ।

१९. बालबालिकाको समग्र विकास, संरक्षण, सहभागीता, बालमैत्री वातावरण निर्माण गर्ने तथा बालबालिकामाथि हुने बालविवाह, बालश्रम शोषण, यौन शोषण, शारीरिक दण्ड, लागू पदार्थ बेचबिखनजस्ता हिंसाको अन्त्य गर्ने, राज्यका सबै निकायमा बालमैत्री स्थानीय शासन पद्धतिको स्थापना र प्रर्वद्धन, बालश्रम नियमन र निषेध गर्ने ऐन, २०५६, मानव बेचबिखन तथा ओसार-पसार नियन्त्रण ऐन, २०६४ बालबालिकासम्बन्धी ऐन, २०७५ लगायतका सबै ऐन कानूनलाई अद्यावधिक गर्दै बालबालिकाको उच्चतम हित सुनिश्चित गर्न तथा राष्ट्रिय बालअधिकार परिषद्लाई स्रोत साधन सम्पन्न बनाउँदै प्रत्येक स्थानीय तहमा बालकल्याण अधिकारी र बालबालिका डेक्स सुनिश्चित गरियोस् । तथा यस अभियानको लागी बालक्बकका पूर्व सदस्यहरुको उचित परिचालन गरियोस् ।

२०. बालिका सशक्तिकरणका कार्यक्रम बृहतरूपमा सञ्चालन गरी बालिका तथा किशोरकिशोरीमाथि हुने यौनहिंसा, शोषण, बालविवाह, बालश्रम, लागु पदार्थ बेचबिखन आदि अन्त्यका लागि आवश्यक कार्यक्रममा नीतिगत सुधार तथा कार्यक्रम सञ्चालन गर्न प्रत्येक स्थानीय तहमा बालिका डेक्स र किशोरी स्रोत केन्द्र, स्थापना गर्न, बाल विकास केन्द्रको स्तरोन्नती गरियोस् ।

२१. विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाकालाई आवश्यकताअनुसार उद्दार, अस्थायी संरक्षण, शिक्षा, स्वास्थ्य उपचार, परामर्श, पारिवारि पुनर्मिलन, पुनर्स्थपना, पारिवारिक सहयोग, सामाजिक सुरक्षा, सामाजिकीकरण लगायत सेवा तथा संरक्षण उपलब्ध गराइयोस् ।

२२. राज्यका हरेक निकाय तथा संरचनामा युवाको समानुपातिक, समावेशी सहभागिता र नेतृत्वको सुनिश्चित गर्न संयुक्त राष्ट्र संघीय सुरक्षा परिषद्को ९ डिसेम्बर २०१५ मा ७५७३ को बैठकद्वारा पारित “युवा, शान्ति र सुरक्षा” सम्बन्धी संकल्प २२५० को कार्ययोजना बनाई तथा राष्ट्रिय युवा नीति २०७२ र युथ भिजन २०२५ लाई कार्यन्वयन गर्न युवाको सीप र सिर्जनालाई राष्ट्र निर्माणमा लगाउन, प्रोत्साहन गर्न विशेष आर्थिक नीति तथा कार्यक्रम तर्जुमा गरी युवा संघसंस्थामा जोडिएका युवा स्वरोजगार कार्यक्रम, स्काउटलगायतलाई राष्ट्रिय युवा परिषद्को मातहतमा ल्याई परिषद्लाई स्रोत साधन सम्पन्न बनाई परिचालन गर्दै क्षमता तथा दक्षतामा वृद्धि गर्दै सबै प्रदेशमा यसको संरचना त्रिस्तार गरी मुलुकभरका युवाको परिषद्मा पहुँच स्थापना गर्ने साथै अन्तरपुस्ता संवादलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न, र युवामैत्री स्थानीय शासन प्रबर्द्धन गर्नका लागी आवश्यक पहल गरियोस् ।

२३. घर, समुदाय र राष्ट्रमा समृद्धि, शान्ति र सुखका लागि सबै तहका विद्यालयमा लैङ्गिक उत्तरदायी, भेदभावरहीत तथा लाञ्छना एवं रुढीवादरहित पाठ्यक्रमको निर्माण र कार्यान्वयन गरियोस् ।

२४. महिलाविरुद्धका सबै प्रकारका विभेद अन्त्य गरी समानरुपमा अवसर, पहुँच, प्रतिफल र लाभ सुनिश्चित गर्न लैङ्गिक समानता नीति तर्जुमा गरी लागु गरियोस् ।

२५. मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण, पीडित तथा प्रभावितको उद्दार, संरक्षण र पुनर्स्थापना गर्न संघ, प्रदेश र स्थानीय तहका सरकारबीच साझेदारी गर्ने संयन्त्र र संरचनाको क्षमता अभिवृद्धि गरियोस् ।

२६. यौनिक तथा लैंगिक अल्पसंख्यक नागरिकविरुद्धको विभेदपूर्ण कानूनी व्यवस्थाको अन्त्य गरी उनीहरूको संरक्षण र सशक्तिकरणका लागि कार्यक्रम संचालन गरियोस् ।

२७. अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी ऐन, २०७४ र सामाजिक सुरक्षा ऐन, २०७५ को प्रभावकारी कार्यान्वयन गर्दै उनीहरूको शिक्षा, स्वास्थ्य र रोजगारीको सुनिश्चितता गरियोस् ।

२८. सबै नागरिकको स्वच्छ खानेपानीमा सुलभ पहुँच पुऱ्याउने कार्यक्रम संचालन गरियोस् ।

२९. आदिवासी जनजातिको अधिकार संरक्षण र प्रवर्द्धन गर्न मौजुदा कानूनको पुनरावलोकन वा सुधार गरियोस् ।

३०. मधेसी, मुस्लिम, थारु तथा पछाडि पारिएका समुदायको अधिकारको सम्मान गर्दै ती समुदायको हकहितसँग सम्बन्धीत मौजुदा कानूनको पुनरावलोकन गरी आवश्यकताअनुसार पुनरावलोकन वा सुधार गरियोस् ।

३१. स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने हकको संरक्षण र प्रवर्द्धन गर्न जलवायु परिवर्तनको प्रतिकूल प्रभाव न्यूनिकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरियोस् ।

३२. संक्रमणकालीन न्यायलाई नेपालको संविधान, सर्वोच्च अदालतको फैसला, मानवअधिकार सम्बन्धी अन्तराष्ट्रिय मूल्यमान्यताका आधारमा पीडितलाई न्याय दिँदै तार्किक निष्कर्षमा पुऱ्याइयोस् ।

३३. द्वन्द्व पीडित तथा विस्थापितको अभिलेख व्यवस्थित गर्दै तत्काल परिपूरणको व्यवस्था गरियोस् ।

३४. राष्ट्रिय मानवअधिकार आयोगका सिफारिसको कार्यान्वयनको लगत तयार गरी सम्बन्धीत निकायमा कार्यान्वयनका लागि पठाउने र नियमितरुपमा ताकेता गरियोस् ।

३५. सुरक्षाकर्मी तथा कानून कार्यान्वयन गर्ने अधिकारीको मानवअधिकार र मानवीय कानूनसम्बन्धी क्षमता अभिवृद्धि गर्न उनीहरूलाई प्रदान गरिने तालिममा मानवअधिकार र मानवीय कानूनसम्बन्धी विषयवस्तु समाविष्ट गर्नेगरी पाठ्यक्रम तयार गरी तालिम प्रदान गरियोस् र मानवअधिकारको उलंघन गर्ने कर्मचारी तथा पदाधिकारीलाई कानूनको दायरामा ल्याएर कारबाही गर्ने परिपाटीको विकास गरियोस् ।

३६. मानवअधिकारको संरक्षण र प्रवर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगलगायतका संवैधानिक आयोगहरू, सेना तथा प्रहरी संगठनलाई सुदृढ बनाउँदै स्थानीय न्यायिक समिति समेतको क्षमता अभिवृद्दि गरियोस् । यस्ता संस्थामा कर्मचारी तथा पदाधिकारीको नियुक्ति गर्दा समानुपातिक समावेशीताको सिद्धान्तलाई आत्मसात गरियोस् ।

३७. नेपाल पक्ष राष्ट्र भएका मानवअधिकार सम्वन्धी सम्पूर्ण अन्तर्राष्ट्रिय महासन्धी, आलेख तथा प्रतिवद्धताको प्रभावकारी कार्यान्वयन गरियोस् ।

३८.संयुक्त राष्ट्रसंघको विभिन्न समिति तथा विश्वव्यापि आवधिक समीक्षाबाट प्राप्त भएका सिफारिसको अभिलम्ब कार्यान्वयन गरियोस् साथै नेपाल पक्ष भएका सन्धीले सिर्जना गर्ने दायित्वअन्तर्गत संयुक्त राष्ट्रसंघका समितिमा बुझाउनु पर्ने आवधिक प्रतिवेदन समयमै बुझाइयोस् ।

३९.अन्तर्राष्ट्रिय फौजदारी अदालत सम्बन्धी रोम विधान, आर्थिक, सामाजिक, सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिको ऐच्छिक आलेख, बालअधिकार महासन्धिको सूचना प्रकृया सम्बन्धित तेस्रो ऐच्छिक आलेख, यातनाविरुद्धको महासन्धीको ऐच्छिक आलेख, शरणार्थी तथा आप्रवाशन महासन्धी, व्यक्तिलाई जबर्जस्ती बेपत्ता पारिने कार्यविरुद्धको अन्तर्राष्ट्रिय महासन्धीलाई अविलम्ब अनुमोदन गरियोस् ।

| | | |
|---|---|---|
| रोशना खड्का | …………… | ……………. |
| राष्ट्रिय संयोजक | सह संयोजक | सह संयोजक |

मितिः २०७८ साल मंसिर २८ (डिसेम्बर १४, २०२१)

**घोषणापत्र तयारी समिति**

| | | |
|---|---|---|
| १. संयोजक | कपिल अर्याल | अधिवक्ता तथा सह-प्राध्यापक |
| २. सदस्य | देविका तिमिल्सिना | नियोक |
| ३. सदस्य | हुकुम सार्की | राष्ट्रिय दलित नेटवर्क |
| ४. सदस्य | क्रान्ति तामाङ्ग | शान्ति फाउण्डेसन |
| ५. सदस्य | पुष्पराज पौडेल | अधिवक्ता तथा महासचिव, कोक्याप |
| ६. सदस्य | रुप सुनार | डिग्निटी इनिसिएटिभ |
| ७. सदस्य | श्याम नेपाल | सपोर्ट नेपाल |
| ८. सदस्य | सूमी शर्मा | फ्रिडम फर अल |
| ९. सदस्य | तिलोत्तम पौडेल | जागृति बाल तथा युवा सरोकार नेपाल |